# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, कात्तिक २३ गते २०५९ साल (अतिरिक्ताङ्क ५४

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट**

**संविधान दिवसको उपलक्ष्यमा २०५९ साल कार्तिक २३ गते देशबासीका नाममा**

**बक्सेको सन्देश**

प्यारा देशवासीहरू,

संविधान दिवसको सुखद् उपलक्ष्यमा हामी समस्त नेपालीहरूप्रति हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं। नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएको आज १२ वर्ष पूरा भएको छ।

जनताको सर्वोत्तम हित र समुन्नतिका लागि सदा समर्पित रहने शाहवंशीय परम्पराअनुसार नेपाली जनतालाई चीरकाल पर्यन्त सामाजिक, राजनैतिक एवम् आर्थिक न्याय प्राप्त हुन सकोस् भन्ने उद्देश्यबाट अभिप्रेरित भई नेपाल अधिराज्यको संविधान, २०४७ लागूभएको हो। तर प्रजातन्त्रअनुरुपको चरित्र, आचरण र निष्ठाको विकास हुन नसकी शासन संचालनमा विकृति बढ्दै जांदा परिलक्षित उद्देश्यहरूबाट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

टाढिँदै गएर संवैधानिक अभ्यास स्वयंमा नै बाधा अड्काउ परेको कुरा सर्वविदितै छ। देशलाई उँभो लगाउन बहुदलीय प्रजातन्त्रको अभ्यासलाई परिमार्जित गर्दै सहमति र समझदारीको वातावरण निर्माण गर्नु आजको आवश्यकता हो। तसर्थ मातृभूमिलाई माया गर्ने सबैले देशभक्तिको मिलन बिन्दुमा ऐक्यबद्ध हुने प्रण गरौं।

आजको यस दिवसले संविधानको उद्देश्य प्राप्तिमा निष्ठावान् हुन सबैलाई प्रेरणा देओस्– यही हाम्रो कामना छ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन्!

जय नेपाल!

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।